प्यूठान नगरपालिका

प्यूठान नगर राजपत्र

खण्ड १ भाग १ संख्या ४१ प्यूठान नगरपालिकाद्वारा प्रकाशित मितिः २०७६/१/२४

प्यूठान नगरपालिकाको नगर स्तरीय ज्येष्ठ नागरिक संजाल गठन तथा संचालन कार्यविधि, २०७६

परिच्छेद – १

१.संक्षिप्तनाम र प्रारम्भ :

(१) यस कार्यविधिको नाम "प्यूठान नगरपालिकाको नगर स्तरीय ज्येष्ठ नागरिक संजाल गठनतथा संचालन कार्यविधि, २०७६" हुनेछ ।

(२) यो कार्यविधि तुरुन्त प्रारम्भ हुनेछ ।

२.परिभाषा :

(१) विषयवा प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमा

क. "कार्यविधि" भन्नाले प्यूठान नगर कार्यपालिकाको "प्यूठान नगरपालिकाको नगर स्तरीय ज्येष्ठ नागरिक संजाल गठन तथा संचालन कार्यविधि, २०७६" लाई सम्झनु पर्दछ ।

ख. "ज्येष्ठ नागरिक" भन्नाले साठी वर्ष उमेर पुरा भएका नेपाली नागरिक सम्झनु पर्दछ ।

ग. "नगरपालिका" भन्नाले प्यूठान नगरपालिकालाई सम्झनु पर्दछ ।

घ. "संजाल" भन्नाले प्यूठान नगरपालिकाको नगरस्तरीय ज्येष्ठ नागरिक संजाललाई सम्झनु पर्दछ ।

परिच्छेद २

३.नगरस्तरीय ज्येष्ठ नागरिक संजालको गठन

(१) नगरपालिकामा कम्तिमा एघार सदस्यीय नगरस्तरीय ज्येष्ठ नागरिक संजाल

रहने छ ।

संजालमा नगरपालिकाका प्रत्येक वडाको प्रतिनिधित्व हुने गरी प्रत्येक वडाबाट कम्तिमा एक जना सदस्य हुनेछन् ।

(३) प्रत्येक वडाबाट प्रतिनिधित्व गरेका ज्येष्ठ नागरिकहरुले आफूहरु मध्येबाट संजालको संयोजक छनौट गर्नेछन् ।

(४) संजाल गठन गर्दा समावेशीतालाई ध्यानदिनु पर्नेछ ।

परिच्छेद ३

४. संजालको कामकर्तव्य र अधिकार

(१) दफा ३ बमोजिम गठन भएको नगरस्तरीय ज्येष्ठ नागरिक संजालको काम कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ ।

क) ज्येष्ठ नागरिकको संरक्षण, सामाजिक सुरक्षा लगायतका विषयमा नगरपालिकालाई सल्लाह सुझावदिने ।

ख) नगरपालिकाले ज्येष्ठ नागरिक लक्षित कार्यक्रम संचालन गर्दा सहयोग र सहजीकरण गर्ने ।

ग) नगरपालिका क्षेत्रभित्र कुनै ज्येष्ठ नागरिकको हक अधिकार प्रतिकुल हुने कुनै कार्य भएको थाहा पाएमा आवश्यक कारवाहीको लागि नगर पालिकालाई जानकारी गराउने ।

घ) ज्येष्ठनागरिकको हित हुने खालका कार्यक्रमहरु संचालन गर्ने ।

परिच्छेद ४

५. प्रचलित कानून बमोजिम हुने :

यस कार्यविधिमा लेखिएको कुरा यसै कार्यविधि बमोजिम हुने र यस कार्यविधिमा नलेखिएको कुरा प्रचलित कानून बमोजिम हुने छ ।

६. यो कार्य विधि लागू हुनु भन्दा पहिले भए गरेका कार्यहरु यसै बमोजिम भएको मानिनेछ ।

आज्ञाले
काशिराम भैरे
२०७६/१/२४

प्युठान नगरपालिका